**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरु**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ११० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २० गते शनिबार ❑ 3 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सशस्त्र प्रहरी बल विपद् उद्धारमा अब्बल बन्दै गएको छ : गृहमन्त्री लेखक

**पोखरापत्र संवाददाता**
मनाङ, १९ बैशाख

गृहमन्त्री रमेश लेखकले हरेक स्थानमा हुने विपद्मा उद्धार र सीमा सुरक्षामा सशस्त्र प्रहरी बल अब्बल बन्दै गएको बताउनुभएको छ।

शुक्रबार आयोजित सशस्त्र प्रहरी बल नेपाल पर्वतीय उद्धार तालिम शिक्षालयबाट प्रशिक्षित प्रशिक्षार्थीको दीक्षान्त समारोहमा उहाँले विपद्मा उद्धार गर्ने कार्यले देश तथा विदेशका मानिसको विश्वास र भरोसा बढाउँदै गएको बताउनुभएको हो । गृहमन्त्री लेखकले भन्नुभयो, “सीमा सुरक्षा, विपद्बाट मानिस आक्रान्त भएको अवस्थामा सशस्त्र प्रहरीले खेल्ने भूमिका र योगदान सराहनीय छ । यही योगदानले सशस्त्र प्रहरी भरोसायोग्य बनेको छ। यसलाई थप उत्कृष्ट बनाउन लागिपरेका छौं ।” उहाँले मनाङ स्वर्गको आभास गर्ने पर्यटकीय क्षेत्र भएकाले यहाँ हुने पर्वतीय



जोखिम उद्धारमा सशस्त्रले सहयोग पुऱ्याउने गरी प्रशिक्षित गरिएकाले आगामी दिनमा स्थानीयका साथै पर्यटकलाई सहज हुने विश्वास व्यक्त गर्नुभयो। विश्वकै जोखिमयुक्त मानिएको अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको पदमार्गमा आउने पर्यटकको यात्रा सुरक्षित बनाउन मद्दत पुग्ने भन्दै गृहमन्त्री लेखकले पर्यटन देशको अर्थतन्त्रलाई वृद्धि गर्ने महत्वपूर्ण क्षेत्र भएकाले यसलाई सुरक्षित बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । “यहाँ हुने पर्यटकीय गतिविधिले नै जिल्ला र देशको अर्थतन्त्रलाई टेवा पुग्छ। त्यसैले जोखिम मानिएको यस पदमार्गमा यात्रा गर्दा सुरक्षित छौं भन्ने आभास दिन सक्नुपर्छ”, उहाँले भन्नुभयो, “अब यहाँबाट दीक्षित सशस्त्र प्रहरीले जोखिमयुक्त हिमालमा यात्रा गर्ने पर्यटकलाई सुरक्षित बनाउन थप महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास छ । विश्वको आकर्षणको केन्द्र मनाङको पर्यटन प्रवर्द्धनका लागि यात्रा सुरक्षित बनाउँदै पर्यटक आगमनलाई वृद्धि गर्न लाग्नुपर्छ ।” सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उच्च पहाडी र हिमाली क्षेत्रमा हुने गरेका विपद् तथा जोखिममा यस तालिमले जिम्मेवारी थप भएको बताउनुभयो । उहाँले जल उद्धारलाई जस्तै पर्वतीय उद्धारलाई प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक रहेको धारणा राख्नुभयो । अर्यालले भन्नुभयो, “सुरक्षाको प्रत्याभूतिले नै पर्यटक आगमनमा वृद्धि गराउन सकिन्छ । गोताखोरलाई जसरी उद्धारमा जुटेका सशस्त्र प्रहरीलाई जस्तै पर्वतीय उद्धारमा खटिने प्रहरीलाई पनि सेवासुविधा सम्पन्न गर्न आवश्यक व्यवस्थापन गरिनुपर्छ । सरकारबाट व्यवस्थापन नहुँदासम्म कल्याणकारी कोषबाट भए पनि उद्धारमा खटिने सशस्त्र प्रहरीलाई रु एक हजार भत्ताको प्रबन्ध गरिने छ।” शिक्षालयबाट ४५ जना दीक्षित भएका छन् । दीक्षान्त समारोहमा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी, प्रतिनिधिसभा सदस्य एवं पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङलगायतको उपस्थिति थियो ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा भएको आर्थिक अनियमितताको छानविन गर्न माओबादी केन्द्रका महासचिव गुरुङको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

नेकपा माओबादी केन्द्रका महासचिव एवं पूर्व मन्त्री देव गुरुङले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा भएको आर्थिक अनियमितताको बिषयमा न्यायिक छानविन गर्न माग गर्नु भएको छ।

प्रेस सेन्टर नेपाल कास्की शाखाले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महासचिव गुरुङले पोखरा विमानस्थल निर्माणको क्रममा ठुलो रकम आर्थिक हिनामिना भएको संसदीय छानविन समितिले दिएको रिपोटको आधारमा अब न्यायिक छानविन गर्न माग गर्नु भएको हो।

राष्ट्रिय गौरवको योजना जहाँ सरकारले ऋणमा गरेको लगानीमा भ्रष्टचार हुनु निकै दुःख लाग्ने बिषय भएको बताउदै उहाँले पोखरा विमानस्थल निर्माणको क्रममा न्यायिक छानविन गरेर दोषी उपर आवश्यक कार्वाही गर्न समेत माग गर्नुभयो । पोखरा विमानस्थल २२ अर्ब रुपैयाँमा ठेक्का सम्झौता भएको थियो जहाँ करिब १० अर्ब भन्दा बढी भष्टचार भएको संसदीय छानविन समितिले दाबी गरेको छ।



महासचिव गुरुङले संघिय लोकतन्त्रीक गणतन्त्रको रक्षाको निम्ति र शुसासन दिन आवश्यक भएको बताउदै यस अभियानमा सबैको साथ आवश्यक भएको बताउनु भयो। आफ्नो पार्टीले सदन चल्दा सदनबाट र अन्य समयमा सडकबाट सरकारलाई सकरात्मक ढंगले खबरदारी गर्दै अघि बढेको जिकिर गर्नुभयो।

माओबादी केन्द्रको तराई पहाडको अभियानले सिमावर्ती क्षेत्रमा रहेका देखि सहिद परिवार, जनआन्दोलनका घाईते परिवार सहित करिब १ करोड आम जनतासंग समन्वय सहकार्य गर्दै घर दैलोसम्म पुगेको उहाँको भनाई थियो। अहिलेको सरकार भ्रष्टचार र शुसासनको उल्टोबाटो हिड्दा राजाबादी सलवलाएको महासचिव गुरुङले जनाउनु भयो । दरवारी शक्तिले टाउको उठाउन लागेको बताउनु उहाँले सरकारले उचित ढंगले काम नगरेका कारण देशमा अन्य शक्तिले समेत देशमा द्वन्द्व निम्त्याउन खोजेको जनाउनुभयो।

संविधान निर्माणको १० बर्षमा समीक्षा गर्दै बिष्तृत शान्ति सम्झौता पक्ष र अन्य दलसंगको सहकार्य गर्दै सरकारले अघि बढाउनु पर्ने महासचिव गुरुङको सुझाव थियो । हरेक ठाउँमा राजनीतिकरण गर्नुले प्रश्न उठ्न लागेको उहाँको तर्क थियो । सहमती र सहकार्य गर्नु पर्नेमा निषेध गर्नुले सिस्टम र राष्ट्रियता माथि प्रश्न उठेको महासचिव गुरुङले जनाउनु भयो।

सरकारले सहजीकरण गर्नुपर्नेमा रवैया देखाउने गरेकोले धेरै क्षेत्र सरकार प्रति रुष्ट बनेको उहाँको भनाइ थियो। प्रेस सेन्टर नेपाल कास्की शाखाका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## जिपी कोइराला उपचार केन्द्रमा 'हेमोडायलासिस' सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख

जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा मिर्गौलाका बिरामीको उपचारका लागि 'हेमोडायलासिस' सेवा शुक्रबारदेखि सुरु भएको छ।

यसअघि डायलासिसको उपचार सेवा सञ्चालन गर्न स्वीकृति लिन गरिएको परीक्षण सफल भएपछि सेवा प्रवाह सुरु गरिएको केन्द्रका कार्यकारी प्रमुख डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार सेवा सञ्चालनका लागि सातवटा मेसिन जडान गरिएका छन् । सेवा लिनका लागि ३० जना बिरामीले यसअघि नै नाम दर्ता गराइसकेका छन् । डा श्रेष्ठले विभागबाट अनुगमन तथा निरीक्षणपछि नियमित सेवा सञ्चालनका लागि स्वीकृति पाएको बताउनुभयो । यहाँ सेवा सञ्चालनका लागि लायन्स क्लब अफ खैरेनीटार, म्याग्दे र लायन्स क्लब अफ शुक्लागण्डकी सिस्टर्सलगायत संस्थाले सहयोग गरेका पनि उहाँले जानकारी दिनुभयो।

यो सेवा सञ्चालन भएपछि तनहुँका साथै स्याङ्जा, कास्की, लमजुङ, नवलपुरलगायत जिल्लाका बिरामीले डायलासिस सेवा लिन सहज हुने लायन्स हेमोडायलासिस सेन्टर आयोजनाका संयोजक सुजित हिराचनले बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बिहीबार हेमोडायलासिस युनिटको उद्घाटन गरेसँगै सेवा सुरु भएको हो।

## धवलागिरि चढ्ने आरोही आधार शिविर पुगे

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ बैशाख

चालु वसन्तयाममा जिल्लाको धवलागिरि गाउँपालिका-४ स्थित धवलागिरि हिमाल आरोहण गर्ने टोली आधार शिविर पुगेको छ।

टोलीका प्रमुख लाक्पा शेर्पाले धवलागिरि हिमालको तेस्रो आधार शिविरमा पुगेसँगै आरोहणका लागि मार्ग बनाउने र रोप फिक्सिङ (डोरी टाग्ने) काम भइरहेको जानकारी दिनुभयो।

“मसहित छ जना शेर्पाको टोली बाटो बनाउँदै समुन्द्री सतहबाट सात हजार १०० मिटर उचाइमा रहेको तेस्रो आधार शिविर पुगेका छौँ”, उहाँले भन्नुभयो, “मौसमले साथ दिएमा एक/दुई दिनमा बाटो बनाएर आरोहीलाई चुचुरोमा पुऱ्याउँछौँ ।” सेभेन समिट ट्रेक र १४ प्रिक्स एक्सीडिसनमार्फत पर्वतारोहीले धवलागिरि चढ्न लागेका हुन् । पर्यटन विभागका अनुसार वसन्तयाममा धवलागिरि आरोहण गर्न दुई समूहका छ महिला र नौ जना पुरुषले अनुमति लिएका छन् । गत शरदयाममा एउटा समूहका १४ जना पुरुष पर्वतारोहीले आरोहणको अनुमति लिएकामा रसियाका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । लाक्पाको नेतृत्वमा तारामान तामाङ, प्रेम दोर्जे शेर्पा, पूर्वकुसाङ गुरुङ, पासाङ नर्वु शेर्पा र पेम्बा चुम्बी शेर्पाको टोली धवलागिरिको तेस्रो आधार शिविर पुगेको छ।

छिनछिनमा परिवर्तन हुने मौसम आरोहणका लागि चुनौती बनेको शेर्पाले बताउनुभयो। अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## खुले सामुदायिक विद्यालय, भर्ना अभियान र पठनपठान सुरू

**रासस**
काठमाडौं, १९ बैशाख

शिक्षकको आन्दोलनका कारण बन्द भएका विद्यालय शुक्रबारदेखि नियमित रूपमा सञ्चालनमा आएका छन् । बुधबार सरकार र आन्दोलनरत शिक्षक महासङ्घबीच सहमति भएपछि लामो समयदेखि बन्द भएका विद्यालय क्रमशः खुलेका छन् । विद्यालय खुलेसँगै भर्ना अभियान पनि सुरू भएको छ । विश्व निकेतन मावि त्रिपुरेश्वरका प्रधानाध्यापक हेरम्बराज कँडेलका अनुसार आजदेखि नियमित पठनपाठन सुरू भएको छ। उहाँले शनिबार र बिदाको दिन पनि नियमित रूपमा विद्यालय सञ्चालन गर्ने र अवरूद्ध भएको शैक्षिक कार्यक्रमलाई गति दिने जानकारी दिनुभयो। बिहीबार विश्व मजदुर दिवसको दिन पनि कक्षा ११ को पठनपाठन गरिएको उल्लेख गर्दै उहाँले आजदेखि भने कक्षा १ देखि १० सम्म नियमित भएको बताउनुभयो।

सो विद्यालयले प्रवेश परीक्षामार्फत छ सय जना नयाँ विद्यार्थी भर्ना गरेको छ। प्रवेश परीक्षामा दुई हजार ७०० विद्यार्थी सहभागी भएका थिए।

“हामी विद्यार्थी र अभिभावकप्रति जिम्मेवार छौं, संवेदनशील पनि छौँ। सार्वजनिक बिदाको दिनमा पनि कक्षा सञ्चालन गरेर शैक्षिक कार्यक्रम समयमै सम्पन्न गर्छौं”, कँडेलले भन्नुभयो । त्यस्तै, कक्षा १२ को परीक्षा यही वैशाख २१ गतेदेखि सञ्चालन हुने भएको छ। राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको तयारीको काम चलिरहेको र शनिबारसम्म सबै काम सम्पन्न हुने जनाएको छ । शिक्षकको आन्दोलनका कारण यही वैशाख ११ गतेदेखि हुने भनिएको परीक्षा सरेको थियो।

# इरानी टोली सेमिफाइनलमा, गण्डकी पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख




पोखरामा जारी प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगितामा इरानी टोलीले सेमिफाइनलमा स्थान बनाएको छ।

लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा शुक्रबार भएको पहिलो खेलमा गण्डकी प्रदेशलाई ३–१ को सेटले पराजित गर्दै इरानी टोलीले सेमिफाइनलमा स्थान सुरक्षित गरेको हो। पहिलो सेट १४-२५ ले गुमाएको गण्डकीले दोस्रो सेट पुनरागमन गर्दै २५-१७ को जित निकालेको थियो। तर, तेस्रो र चौथो सेटमा लय गुमाउन पुग्दा गण्डकीले हार बेहोर्नुपर्‍यो। इरानी टोलीले तेस्रो सेट २५-१८ र चौथो सेट २७-२५ ले आफ्नो पक्षमा पार्‍यो। इरानी टोलीले यसअघि शसस्त्र प्रहरी बल (एपीएफ) लाई ३-१ को सेटले पराजित गरेको थियो। समूह 'ए' अन्तर्गत अन्तिम खेल गण्डकी प्रदेश र एपिएफबीच हुनेछ। उक्त खेलको विजेताले सेमिफाइनलमा स्थान सुरक्षित गर्नेछ। शुक्रबारको दोस्रो खेल समूह 'बी' अन्तर्गत भारतीय टोली र त्रिभुवन आर्मी क्लबबीच हुँदैछ। यसअघि, हिजो भएको खेलमा भारतीय टोली नेपाल पुलिस क्लबसँग ३-० को सोझो सेटमा पराजित भएको थियो। प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४४४ र उपविजेताले २ लाख ४४ हजार ४४४ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ। तेस्रो हुने टोलीले १ लाख ४४ हजार ४४४ पाउनेछ। सर्वोत्कृष्ट खेलाडीलाई १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेलाई समान ८ हजार ४४४ रुपैयाँ प्रदान गरिनेछ।

# विश्वकर्मा समाजको ३ दिने महिला सशक्तिकरण र भाषणकला तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख




विश्वकर्मा समाज पर्वत स्याङ्जा कास्कीको आयोजना र पोखरा महानगर पालिका वडा नं १० को आर्थिक ब्यवस्थापनमा ३ दिने महिला सशक्तिकरण र भाषणकला तालिम उद्घाटन समाजका अध्यक्ष चन्द्र किशोर गौतम सभापतित्व र वडा नं १० का वडा सदस्य पूर्ण चन्द्र न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

अध्यक्ष चन्द्रकिशोर गौतमले समाजले समाजका हरेक तहमा रहेका विश्वकर्माहरुलाई संगठित गर्दै विभिन्न प्रकारका तालिम दिई सशक्त रुपमा अगाडि बढाईरहेका छौँ। अहिले हामीले १० नं वडा को सहयोगले महिलालाई दक्ष बनाउनुपर्छ कलायुक्त बनाउनुपर्छ भनेर लागि रहेका छौ। यसमा प्रमुख अतिथि मार्फत वडा परिवारलाई धन्यवाद ज्ञापन व्यक्त गर्नुभयो। निरन्तर ३ दिनसम्म सहभागी बन्न प्रशिक्षार्थीहरुलाई अनुरोध गर्दछौं भन्नुभयो। प्रमुख अतिथि पूर्णचन्द्र न्यौपानेले समाजका क्रियाकलापलाई हेरेर हामीले अन्तिम समयमा भए पनि थोरै सहयोग गर्नपायौं, आगामी दिनमा सीपमुलक आयमुलक तालिम संचालनका लागि सहयोग गर्ने र उपयुक्त समयमा उचित योजना पेश गर्न समाजलाई अनुरोध गर्दै समाजमा रहेका कुरिति कुसस्कार हटाई समतामूलक समाज निर्माणमा सहयोग पुग्नेछ भन्नुभयो। यसैगरी समाजका शिक्षा समितिका संयोजक प्राध्यापक कृष्ण सुनारले समाज राम्रो कार्यहरु लिएर सकारात्मक रुपमा अगाडि बढिरहेको छ। तालिमले सबल सक्षम ब्यक्तित्व निर्माणमा सहयोग पुगोस भन्नुभयो। सल्लाहकार तोलाकान्त सुनारले कार्यक्रमको महत्व बारेमा बुझ्न पाईयो। समाज सबैलाई समेटेर अगाडि बढोस् भन्नु भयो। समाजका सल्लाहकार एवम् अक्षयकोष दाता सुनचाँदी ब्यवसायी संघ कास्कीका अध्यक्ष भविन्द्र बिश्वकर्माले समाजले निरन्तर तालिम लगायत धेरै राम्रा कामहरु गरेको छ। यस प्रकारका तालिमले प्रत्येक ब्यक्तिलाई सक्षम बनाउछ। ब्यक्ति सक्षम भएमा समाज पनि बलियो हुने बिचार ब्यक्त गर्नुभयो। महिला सशक्तिकरणको तालिम अधिवक्ता अन्जनी परियार प्यासीले प्रदान गर्नु भएको थियो। तालिममा सहभागी दिदीबहिनीहरुले उत्सुकता पूर्वक भाग लिनुभएको थियो। प्रशिक्षक अधिवक्ता हुदाँ अझै कानुनी कुराहरुको जानकारी भएको थियो। कार्यक्रम संचालन सचिव भिम बहादुर रसाइलीले गर्नुभएको थियो भने स्वागत मन्तब्य उपाध्यक्ष श्याम रसाइलीले गर्नुभएको कार्यक्रम ३ दिनसम्म चल्नेछ र कार्यक्रममा शुक्रबारपोखराका बरिष्ठ रेडियोकर्मी दिपेन्द्र श्रेष्ठले तालिम दिने सचिव भिम बहादुर रसाइलीले जानकारी दिनुभएको थियो।

# आगलागी नियन्त्रण सम्बन्धी अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख




सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा बैदामको आयोजना, वडा नं. ६ कार्यालयको सहकार्य तथा जिल्ला प्रहरी कास्कीको समन्वयमा आगलागी नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु वलियाले विपद् जुनसुकै बेला पनि आउनसक्ने हुँदा यस्ता कार्यक्रमले विपद् पर्दा नियन्त्रण गर्न ठूलो सहयोग पुग्ने बताउनुभयो। कार्यक्रममा विशेष अतिथि वडा नं. ६ वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले यस्ता किसिमका कार्यक्रम व्यवहारिक र अति नै महत्वपूर्ण रहेकोले वडाले सधैं सहकार्य गर्न तयार रहेको बताउनुभयो। कार्यक्रमका प्रमुख प्रशिक्षक जिल्ला प्रहरी कास्कीका प्रहरी बरिष्ठ नायव निरीक्षक बसन्त राज भुसालले एलपी ग्याँसको परिचय, ग्याँस चुहावट भई आगलागी हुँदा अपनाउनुपर्ने सावधानी, आगो नियन्त्रक उपकरणको प्रयोग गर्ने विधिको बारेमा प्रयोगात्मक अभ्यासद्वारा सहभागीहरुलाई जानकारी गराउनु भएको थियो।

सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर प्रसाद बरालले हामी घर भान्छाबाटै सुरक्षित हुनुपर्छ भन्ने उद्देश्यका साथ यस कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। उक्त कार्यक्रममा बैदाम स्थित आमा समूहका पदाधिकारी तथा सदस्यहरु, पर्यटन व्यवसायीहरु लगायत सर्वसाधारणहरुको सहभागिता रहेको थियो।

संस्थाका अध्यक्ष ठाकुर प्रसाद बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव शान्ता सुवेदी तिमिल्सिनाले गर्नुभएको थियो।

# सिद्धार्थ तथा नवलपुर उद्योग वाणिज्य संघलाई पोखरा उद्योग वाणिज्य संघको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख



पोखरा उद्योग वाणिज्य संघले पोखरा लगाएत यस क्षेत्रको भ्रमणमा रहेको सिद्धार्थ उधोग वाणिज्य संघ तथा नवलपुर उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलाई आफ्नो कार्यलयमा स्वागत गरेको छ।

सिद्धार्थ तथा नवलपुर उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलाई छुट्टाछुट्टै स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा उद्योग वाणिज्य संघले हालसम्म गरेका कामहरुको बारेमा जानकारी दिँदै कार्कीले पोखरा विमानस्थल निर्माणको लागि निजी क्षेत्रले दिएको दबाबमूलक आन्दोलनको स्मरण गर्दै यसको दिगो संचालनको लागि पोखरा उधोग वाणिज्य संघले पहल गरिरहेको बताउदै सिचुवानको राजधानी छेन्दुबाट पोखरा सिधा उडानले पोखरा तथा भैरहवा विमानस्थल सन्चालन गर्न दबाव पुग्ने बताउदै नवलपुर क्षेत्रको समेत प्रवर्द्धन हुने विश्वास व्यक्त गरे। कार्यक्रममा बोल्दै लुम्विनी उधोग वाणिज्य महासंघका अध्यक्ष तथा सिद्धार्थ उधोग वाणिज्य संघका पुर्व अध्यक्ष कृष्ण प्रसाद शर्माले नेपाल उधोग वाणिज्य महासंघको आगामी अधिवेशनमा आफुले जिल्ला नगर उपाध्यक्षमा उम्मेदवारी दिन लागेकोले पोखरा उधोग वाणिज्य संघसँग सयोगको अपेक्षा राखेको बताए। सिद्धार्थ उधोग वाणिज्य संघका अध्यक्ष नेत्र प्रसाद आचार्यले सगसगै जन्मिएका पोखरा तथा सिद्धार्थ उद्योग वाणिज्य संघ नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्यका रुपमा रहेको बताए। कार्यक्रममा नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष वैकुण्ठ आचार्यले कोराला नाका सन्चालन भएमा गण्डकी प्रदेश लगाएत यस क्षेत्रका व्यवसायीहरुलाई धेरै फाइदा पुग्ने बताउदै नवलपुर तथा पोखरा उद्योग वाणिज्य संघले सहकार्य गर्द्रे अगाडि बढ्नु पर्ने बताए। कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका निर्वतमा अध्यक्ष पवनकुमार प्रजापतिले पोखरा तथा भैरहवा विमानस्थल सन्चालन गर्नको लागी यस क्षेत्रका उधोग वाणिज्य संघले सरकारलाई दबाब दिनुपर्ने बताए। कार्यक्रममा सिद्धार्थ उधोग वाणिज्य संघका निर्वतमान अध्यक्ष ठाकुर कुमार श्रेष्ठ पुर्व अध्यक्ष राम कुमार शर्मा नवलपुर उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष डासुराज पोख्रेल लगाएतले बोलेका थिए।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य तथा वाणिज्य उपाध्यक्ष बलराम आचायले धन्यवाद तथा संघका उपमहासचिव सुदीप प्रधानाङ्गको संचालन रहेको कार्यक्रममा संघका कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ, पोखरा उद्योग वाणिज्य संघका पुर्व उप महासचिव हिरा भट्टराई कार्यसमिति सदस्यहरु जीवनकुमार श्रेष्ठ,नविन नापित दुर्गा बराल, प्रदिप राज भण्डारी टिकाराम सुवेदी मनोहरि पौडेल रामचन्द्र तिमल्सेना लगायतको उपस्थिति रहेको थियो। छुट्टाछुट्टै गरिएको स्वागत तथा छलफल कार्यक्रममा सिद्धार्थ, नवलपुर तथा पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुले विभिन्न सुझावहरु समेत राखेका थिए।

# ओलम्पियन भगवतीलाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ बैशाख



नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको 'नवौं पोखरा स्पोर्ट्स अवार्ड २०८१' मा 'लाइफटाइम अचिभमेन्ट अवार्ड' ओलम्पियन सुटिङकी भगवती खत्री केसीलाई प्रदान गरिने भएको छ।

आफ्नो जीवनको अधिकांश समय नेपाली खेलकुदको विकास र उन्नयनमा लागि पर्ने व्यक्तिलाई सो अवार्डबाट सम्मान गर्ने गरिएको छ। यस वर्षको अवार्ड केसीलाई प्रदान गर्नका लागि प्रतिभा छनोट समितिले सिफारिस गरेको थियो। खत्रीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लासहित सो सम्मान अर्पण गरिने मञ्चका अध्यक्ष एमबि आस्था मगरले जानकारी दिनुभयो।

बागलुङकी भगवती राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भई विभिन्न पदक जित्नुभएको छ। नवौं राष्ट्रिय प्रतियोगितामा प्रथम, १२ औं राष्ट्रिय सुटिङ प्रतियोगितामा प्रथम, प्रथम खुला सुटिङप्रतियोगितामा प्रथम, चौथो राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रथम, पाँचौं राष्ट्रियप्रतियोगितामा द्वितीय र १२औं राष्ट्रिय सुटिङ प्रतियोगितामा 'बेस्ट प्लेयर'को उपाधि प्राप्त गर्नुभएको थियो। यसैगरी अन्तरराष्ट्रियतर्फ सिड्नीमा भएको २७औं ओलम्पिक खेलकुदमा सहभागी भएर राष्ट्रिय कीर्तिमानीसमेत कायम गर्नुभएको छ। विभिन्न सातवटा संस्करणका एसियन गेममा सहभागितालगायत साफ च्याम्पियन र अन्तरराराष्ट्रिय सुटिङ प्रतियोगितामा सहभागी हुनुभएको छ। खत्रीले २०५१ सालदेखि गण्डकी प्रदेशमा सुटिङ प्रशिक्षकका रूपमा खेलाडीलाई निःशुल्क प्रशिक्षणसमेत गराउँदै आउनुभएको छ। यसअघि, मञ्चले यहाँका अग्रज खेलाडीहरू कृष्ण थापा, खड्गबहादुर रानाभाट, डा वीरेन्द्रसिंह गुरुङ, चित्रबहादुर गुरुङ, आनन्द रञ्जित, गणेशबहादुर भट्टराई, विद्याप्रसाद मरासिनी र इन्द्रा मल्ललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'बाट सम्मान गरिसकेको छ। खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई ऊर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आइरहेको छ। अवार्ड कार्यक्रममार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गर्ने गरिएको छ। नवौं संस्करणको अवार्ड यही वैशाख २६ गते पोखरामा हुँदैछ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्थाको रूपमा परिचित छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# राष्ट्रिय महिला हक्कीमा गण्डकीको दोस्रो जित

**रासस**
काठमाडौं, १९ बैशाख

गण्डकी प्रदेशले राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिताको महिलातर्फ दोस्रो जित निकालेको छ।

ललितपुरको च्यासल फुटबल मैदानमा आज भएको महिलातर्फको खेलमा गण्डकीले मधेस प्रदेशलाई २-१ ले पराजित गर्‍यो। गण्डकीको जितमा मयुरी राईले दुई गोल गरिन्। उनी प्लेअर अफ दी म्याच पनि भइन्। मधेसकी गीताकुमारी म्रिङचिङले एक गोल फर्काए पनि हार टार्न सकिनन्। राउन्ड रोविन लिगको आधारमा भइरहेको महिलाको प्रतियोगितामा गण्डकीको यो दोस्रो जित हो। महिलामा गण्डकीसहित त्रिभुवन आर्मी क्लब, मधेस प्रदेश र बागमती प्रदेश गरी चार टोली सहभागी छन्। लिगपछि शीर्ष दुई स्थानमा रहने टिमबीच उपाधि भिडन्त हुनेछ। लिगमा दुई जित निकाल्दै गण्डकीले फाइनलमा पुग्ने सम्भावना बलियो बनाएको छ। बिहीबार पहिलो खेलमा गण्डकीले बागमती प्रदेशलाई २-१ गोलले हराएको थियो। मधेसको भने दोस्रो हारपछि लिगमा शीर्ष दुई स्थानमा पुग्ने सम्भावना कमजोर भएको छ। मधेसले पहिलो खेलमा आर्मीसँग ७-० को हार सामना गरेको थियो। पुरुषतर्फ आर्मी र कर्णाली प्रदेशले जित निकालेका छन्। नेपाल हक्की सङ्घको आयोजनामा जारी प्रतियोगितामा समूह 'ए' मा रहेको आर्मीले मधेस प्रदेशमाथि १०-१ को सहज जित रच्यो। आर्मीको जितमा मनोज चौधरीले ह्याट्रिक पूरा गरे।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गरिबी र धमिलो पानीमा माछा मार्ने हाम्रा नेता

युब राज खनाल



शीर्षक पढ्दा पनि दुःख लाग्न सक्छ, किनभने हामी सबै गरिबकै सिमा रेखा भित्र छौं । संसारको गरिबतम मुलुकका हामीलाई यस्ता शीर्षकले अपमान गर्छ । तैपनि बाध्यतामा यस्ता लेखले हुनेखाने र देश को ढुकुटी मा हाली मुलि जमाउनेहरुको आँखा खुल्लछ् की भनेर । गरिबका कुरा नगरी गरिबीको मुक्ति सम्भव पनि छैन; भन्ने पनि मलाई लाग्छ ।त्यो ग्रामिण भेगका गरिब जनताको आँखा भरि आसुका धारा छन् । उहिरुलाई विहान साझँको छाक पनि कसरी टारौ भन्ने पिडाले दिनहुँ सताइरहेको हुन्छ । उनीहरु संग हृदय भरि पिडा र कष्टका व्यथाहरु पनि उत्तीकै छन् । अनि मुटु भरि गरिबी र दुःखका कथाहरु संगालेर बाचिरहेका छन् । सुखको अनुभती उनीहरु संग छैन् ! चाडबाड मा एक सरो नया कपडा फेर्नु र दुई छाक मिठो मसिनो खानु बर्सीदिन कुर्नु पर्छ । जो विहान साझँ अर्काको भारी बोकेर छाक टार्ने जमर्को गर्छ उसलाई के थाहा हुन्छ सुख कस्तो हुन्छ भनेर ? तिनै गरिब जतनाहरु आज पनि जिबन दुःखमै पिरलिरहेको छ । उनीहरुलाई धन पैसा भन्नु पनि थाहा छैन, धनको खोजीमा होइन विहान साझँको छाक कसरी टार्ने भन्ने कुरामा पिरोलिरहेका छन् उनीहरु । तर जस्तो सुकै दुख कष्ट सहेर भएपनि जिवन गुजारा गरिरहेका छन् । अर्काको अधिया गर्नु र भारी नै बोकेर भएपनि पसिनाको धारा चुहाउदै जिवनलाई गुजार गरिरहेकै छन् । साहुको जग्गा अधिया गर्नु र भारीको ,

कपडाको जोहो गर्नमै उनिहरुको जिवन बितेको पत्तै छैन् । उनीहरुको सहाराको भन्नु आधा पेट खाएरै भएपनि धौ- धौ जिवन गुजारा गरेका तिनै पाखुरा बनेका छन् । तर कसैले खोज्दैन गरिबलाई आहारा दिन । गरिब दुखि भन्नु यस्तै हो । गगनचुम्बी महलको बीच सडक बाट पुर्णिमामा खेल्ने जुनको आलोक निहाली रहेका छन् । कल्पनाको सागरमा पौडी खेल्दै यथार्थ धरातलमा तैरने कोसिस गरिरहेका छन् । थाहा छैन यो बेदनाको बादल कहिले सम्म मडारिने हो उनीहरुको मन भित्र ? लेखाजोखा नै छैन कति बगे र बग्छ्न उनीहरुको आँसुका धाराहरु कुनै पत्तै छैन् । तर पनि जिबन लाई गन्तब्य उन्मुख डोर्याइरहेका छन् । ठूला-ठुला योजना बनाउछन् गरिब अनि काममा लाग्ने तरखर गर्छन अनायेसै काम्न लाग्छन उनिहरुका हात पाउँहरु । किन कि उनीहरुका अगाडी अभाबै अभाबको पर्खाल अगाडी खडा छ । कति कोसिस गर्छ त्यो पर्खाल भत्काउँन तर गरिबीलाई टाडा फाल्न सकिरहेका छैनन् । खोइ किन हो लिसो टाँसिए झैँ साथ मै टाँसिएर आइ दिन्छ । हजारौ हिम्मतहरु लाई बटुल्दै मन लाई शान्त पार्ने कोशिर गरेका हुन्छन् । यो संसारलाई नियाल्दै जिवनको यथार्थ परिभाषा खोजि हुन थाल्छ । अनि आफै सँग पैसाको मूल्य सोध्न बाध्य भएका छन् गरिबहरु । फेरी यो गरिबीको जन्जिर बाट मुक्त हुने बाटो खोज्छ । तर भेटाउदैनन् कतै हिड्ने गोरेटा हरु, अनि आफै घनघोर दुःखको जंगलमा हराएको महसुस गरिरहेका छन् । रुन्छ, कराउँछ र चिच्याउँछ बिरही भाकामा त्यो बनमा कराउने न्याउली चरीझै । तर गरिबको पिडा बुझिदिने कोहि हुदैन् सम्पन्नताको सिखर नाँगेकोहरु संग, पैसा रुपी समाजले उसको चित्कार सुनी दिने पनि त कोही छैन् यहाँ । बाध्यता नै बाध्यताले बाधिएको यो गरिबीको जिबन औसीको अध्यारो चिर्ने हिम्मत बोकी हिडेपनि सकिरहेका छैनन् यहाँ । बिहानीको उषाकिरण देखि साँझको गोधुली सम्म पसिनाका धारा बगाउदै तर पनि अभाब बाट मुक्ति पाउन सकेका छैनन् । आफ्नै हात ले आफ्नै पुर्पुरो ठोकेर आफुले धान्नै नसक्ने समस्याको भारी बोकी एकान्तमा खोइ के के कल्पीरहेका छन् यहाँ । तर अभाब नै अभाबमा बित्छ गरिबको जिन्दगि । यस्तै यस्तै सम्झाउने विर्साउने कथाहरु संगालेर बाचिरहेका छन् । तर तिनै महलमा रमाउनेहरुले उनीहरुको पिडा लाई एकपटक पछाडी फर्केर हेर्न सकेका छैनन् । दुःख लागेर आउछ हाम्रा देशका शासकहरु लाई देखेर । विहान साझँको छाक टार्नकै लागि साहुको घरमा पसिना बगाएको केही मतलब छैन् देशका शासन भनाउदाहरुलाई । खाली स्वार्थ पूर्ती र गरिबका नाममा ठग्न पल्लकेकाहरुलाई के चासो भयो र ? मौका र अवसर हेरेर छेपारोले रग फेरे जस्तै बोली र व्यवहारमा सजिलै परिवर्तन गर्छन् धिक्कार छ गरीब र निमुखा चुसुवा आदरणिय बुज्रुक लिडरहरु प्रति । महलमा बस्नेहरुलाई के थाहा ? ति झुपडिमा बास बस्ने गरिवको पिडा । विरामी हुदाँ औषधी गर्ने आफु संग एक कौडी नभएर अस्पतालको वेडमा एया एया गरेर छट्पटाउनु परेको भए थाहा हुन्थ्यो, आदरणिय नेता चन्द्र भण्डारी र पोखराका मेयर साब लाई थाहा भयो पोलिदा को पीडा, हात- खुट्टानैं नचल्ने गरी पोलिएका हाम्रा नेपाली कयौ छन्, जो उपचार अभाव ले ज्यान गुमाउन र अपाङ्ग भएर बाँच्न बाध्य छन् । गरिबको पिडा कस्तो हुन्छ भनेर अनी विहान साझँको छाक टार्ने जोहो गर्न नसक्दा अर्काको देशमा गएर परिना चुहाउनु परेको भए थाहा हुन्थ्यो त्यो गरिबको पिडा । तर यहाँ तिनै गरिबको पिडालाई देखेर खित्त हास्नेहरुको जमात बढी छ । सरकारमा बस्ने हरुलाई चिन्ता छ, देशमा कतै रेमिटेन्स कम हुने त हैन भनेर, अनि विविध कारण अथ्रतन्त्र मा असार पर्ने भयो भनेर, सोच आहेको छैन किन नेपालि हरु बिदेशिनु बिबसता छ भनेर ? शिक्षित र हुने खाने अमेरिका, अस्त्तेलिया, क्यानाडा,जापान पुगेका छ्न, गरिब हरु गल्फ देस अरब, कतार, भारत जत्ता मुलुक मा जबानी का पसिना बगाएका छ्न! अनि कसरी सम्म्भब छ र मुलुक को बिकास अनि गरिबी निवाकर्णे ! काठमाडौं मात्र नेपाल सम्म्जिने सस्कार अझै हेक्का छैन ! नेपाली युबा युवती बिदेश मा बेचेर रेमिटेन्स ले देश चल्छ भन्ने सोच ! नेपालमा भन्दा विदेशमै जीवनस्तर राम्रो छ भन्दै नेपाली युबा- युवती लाई कोरिया कुल्ली बनाउन पठाउन लागिपर्ने सरकार को कहिले आउला दीर्घकालीन सोच ! कहिले बल्ला गरिबको चुलोमा बिहान बेलुकी आगो सोचनिय छ । यहाँ जसले सेवा सुविधा पाएको छ, उसले अझै सेवा र सुविधा लिन चाकडी गर्छ, घुस पीठ गर्छ, भएन आन्दोलन गर्छ सरकाले ती आन्दोलनका माग पूरा गराउँछ । बिचरा ती गाउँमा र शहरमा खाना र खाजा पसिनाले भिझाउँदै खाने गरिबका न माग छन् न त माग राख्न सक्छन् तिनीहरूको दर्दनाक पीडामा मलम कहिले लगाउने ? हाम्रा आदरणिय नेताहरु हुनुहुन्छ, अवसर अनुसार बोल्नु हुन्छ, सरकार र विपक्षमा रहँदा बोलिका कुराहरू आकाश जमिनको फरक हुन्छन् । मान्छेहरूलाई उचाल्ने र हुम्याउनेकाम हुन्छ्न खै पारदर्शिता । सही त गलत, गर्न हुने र नहुने विवेक नै नभएका त पक्कै हुनुहुन्छ ? किन स्वाभिमान बेचेर धमिलो पानीमा माछा मार्ने काम गर्नुहुन्छ ? तपाईं नेता महोदय, उच्च स्तरीय कर्मचारीलाई खान लाउनको समस्या त छैन नी ? एक पटक सोच्नु त ती विकट र गाउँमा बस्नेको जीवनस्तर, यदि यहाँहरुले चाहने र मन भित्र बाट आउने हो भने ती निमुखाको जीवनस्तरमा परिवर्तन ल्याउन कुनै समस्या छैन । उल्टै सामान्य काममा तिनै निमुखा बाट घुस लिने, तिनैलाई दण्ड दिने, तिनैलाई ठग्ने, हामीसंग मानवता हराएकै हो त, यहाँ कर्मचारी आन्दोलन गर्छ, शिक्षक आन्दोलन गर्छ, डाक्टर आन्दोलन गर्छ र पुलिस या सेना आन्दोलन गर्ला केवल आफ्ना सेवा सुविधाका लागि ती गरीब का लागि कसले लड्ने कसले बोल्ने, एक पटक गम्भीर भएर सोच्नु पर्ने हैन् र ?

-शुक्ला १ तनहुँ हाल पोखरा

# कालीगण्डकी तर्न साँघुको भर

पोखरापत्र संवाददाता
मुस्ताङ, १९ बैशाख

थासाङ गाउँपालिका-२ का कोवाङ, लार्जुङ र खन्ती गाउँ राष्ट्रिय राजमार्गसँग जोडिँदासोही वडाका सौरु र सिरकुङ कालीगण्डकीका कारण अगम्य भएका छन् ।

चालीस परिवारको बसोबास रहेको सौरु र सिरकुङका मान्छेको जीविकोपार्जनको स्रोत कृषि र पशुपालन हो । कालीगण्डमा पुल नहुँदा उनीहरूलाई आफ्ना उत्पादन स्याउ, उवा, फापर, जौ, सिमी, बोडी र सागसब्जी बजार पुऱ्याउन समस्या छ । याकचौँरी र बाख्रापालन गर्दै आएका सौरु र सिरकुङका गाउँले हिउँदमा अस्थायी साँघुबाट नदी तर्छन् तर वर्षायाममा तीन घण्टाभन्दा बढी पैदल कोखेठाटीको बाटोबाट राजमार्गमा पुग्नुपर्ने बाध्यता छ । बर्खामा वडा र गाउँपालिका कार्यालय, माध्यमिक तहका विद्यार्थीलाई विद्यालय पुग्न र स्वास्थ्य सेवा प्राप्त गर्न सास्ती भएको सौरुका सोजन हीराचनले बताउनुभयो । सङ्घीय व्यवस्था प्रारम्भ हुनुअघि साविक जिल्ला विकास समितिले पनि सौरु र सिरकुङलाई राजमार्गसँग जोड्न कालीगण्डकीमा पुल बनाउने प्रयास नगरेको होइन । स्थानीयको सहयोगमा बनाइएको पुलको आरसिसी पिल्लर बाढीले पुरेपछि हालसम्म पुल बन्ने लक्षण नदेखिएको उहाँको गुनासो छ ।

विक्रम सम्वत् २०७७ साल ३० वैशाखमा सस्पेन्सन ब्रिज डिभिजन कार्यालले ५७० मिटर लामो सस्पेन्सन पुलको योजना अघि बढायो ।

इलाइट रुविना कन्ट्रक्सनसँग रु पाँच करोडमा ठेक्का सम्झौता भएको सस्पेन्सन पुलको काम हाल अलपत्र परेको थासाङ-२ का वडाध्यक्ष गौतम शेरचनले जानकारी दिनुभयो ।

# जिल्ला एथलेटिक्स संघ कास्कीद्धारा पोखरा रंगशाला सरसफाइ

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख



जिल्ला एथलेटिक्स संघ कास्कीले पोखरा रंगशालामा सरसफाइ गरेको छ । जिल्ला खेलकुद बिकास समितिको समन्वयमा शुक्रबार पोखरा रंगशालाको सरसफाइ गरेको हो ।

पोखरा रंगशालाको फुट ट्र्याकमा झार तथा घाँसहरु उम्रिएर ट्र्याक दिन प्रतिदिन फोहोर र खराब हुने भएकाले एथलेटिक्स संघले रंगशालाको ट्र्याकको भाग सरसफाइ गरिएको जिल्ला एथलेटिक्स संघ कास्कीका अध्यक्ष गज बहादुर गुरुङले जानकारी दिए ।

संघले पोखरा रंगशालालाई सफाइ राख्ने उद्देश्यले वर्षेनी सरसफाइ गर्दै आइरहेको र त्यसकै निरन्तरता स्वरुप शुक्रबार रंगशाला परिसरमा सरसफाइ गरिएको र त्यसमा पश्चिम पृतनाको समेत सहयोग रहेको बताए । वर्षायाम अगाडि सरसफाइ गरिएको र वर्षा याममा पुन झारहरु उम्रिने भएकाले वर्षा लगतै पुन सरसफाइ गरिने उनको भनाइ रहेको थियो । भर्खरै रंगशालामा संघको आयोजनामा राष्ट्रिय स्तरको खेल सम्पन्न गरिसकेको र उक्त खेल आयोजना गर्ने समयमा पनि सरसफाइ गर्ने आफुहरुको योजना रहेको भएतापनि समय अभावका कारण सरसफाइ गर्न नसकिएको र हाल आएर सरसफाइ गरिएको बताउदै गुरुङले आगामी दिनमा वर्षमा दुई पटक सम्म सरसफाई गरिने बताए ।

त्यस्तै कास्की जिल्ला खेलकुद बिकास समितिका अध्यक्ष मिलन गुरुङले पोखरा रंगशाला सरसफाइलाई ध्यान दिइएको बताए । विभिन्न संघ संस्थाहरुको सहकार्यमा पोखरा रंगशालाको सरसफाइलाई निरन्तरता दिइरहेको बताउदै आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिइने उनको भनाइ रहेको थियो ।

जिल्ला एथलेटिक्स संघले रंगशाला भित्रको ट्र्याकमा जम्मा भएको फोहोरका कारण ट्र्याक जीर्ण हुने भएकाले वर्षमा दुई पटक आफुहरुले ट्र्याक सरसफाइ गर्ने संघका सचिव तथा सरसफाइ कार्यक्रमका संयोजक सिद्धान्त अधिकारीले जानकारी दिए । अधिकारीले रंगशालाको ट्र्याक विशेष गरी एथलेटिक्सका विभिन्न खेलहरु सञ्चालनका लागि आफुहरुकले प्रयोग गर्दै आइरहेकाले एथलेटिक्स संघले नै त्यसलाई चासोका साथ हेर्दै आइरहेको समेत बताए ।

# दरखोला जलविद्युत् आयोजना निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १९ बैशाख

म्याग्दीको धवलागिरी गाउँपालिका-३ मुनाको कुनौटामा छ दशमलब पाँच मेगावाट क्षमताको दरखोला जलविद्युत् आयोजना निर्माण सुरु भएको छ ।

दरखोला हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको बाँध स्थलसम्म पहुँच मार्ग पुऱ्याएपछि अन्य संरचना निर्माण थालिएको हो । कुनौटोदेखि विद्युतगृहतर्फ पेनस्टक पाइप राख्ने ठाउँ बनाउन सडक निर्माण गर्न थालिएको दरखोला हाइड्रोपावरका अध्यक्ष रेशमबहादुर भण्डारीले बताउनुभयो । कुनौटोदेखि दरखोलाको दायाँ किनार हुँदै दर गाउँको फेदीतर्फ पेनस्टक पाइप राख्ने करिब दुई किलोमिटर कच्चि सडकको ट्र्याक निर्माण भइसकेको छ । तीन वटा डोजर परिचालन गरिएको छ । सोलवाङमा निर्माण हुने विद्युत्गृहसम्म पानी लैजान तीन किलोमिटर एक सय मिटर लामो पेनस्टक पाइपलाइन जडान गरिने अध्यक्ष भण्डारीले बताउनुभयो । पाँच सय ४८ मिटर उचाइबाट विद्युतगृहमा पानी खसालेर उत्पादन गरिने विद्युत सात किलोमिटर लामो प्रशारण लाइन बनाएर डाडाखेत सबस्टेशनमा लगेर राष्ट्रिय प्रशारण प्रणालीमा आवद्ध गराइनेछ ।सम्भाव्यता अध्ययन, प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन, विद्युत खरिद बिक्री सम्झौता, जग्गा खरिद र बित्तीय स्रोत व्यवस्थापनको काम सकेर पूर्वाधार निर्माण थालिएको हो । विसं २०८३ को फागुनभित्र विद्युत् उत्पादन गर्ने कार्यतालिका छ । रन अफ द रिभर (नदी प्रवाहमा आधारित) प्रकृतिको यो आयोजना निर्माणमा करिब रुएक अर्ब लगानी हुने अनुमान गरिएको छ ।

# कालीगण्डकी प्राकृतिक अस्पताल सञ्चालनमा

पोखरापत्र संवाददाता
वालिङ, १९ बैशाख

गल्याङ नगरपालिका-१ उत्तरवाहिनीमा कालीगण्डकी प्राकृतिक अस्पताल सञ्चालनमा आएको छ । सङ्घीय सरकारको विशेष अनुदान, गल्याङ नगरपालिकाको सहयोग तथा कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानको व्यवस्थापनमा सो अस्पताल सञ्चालनमा आएको हो ।

नगरपालिकाले सञ्चालन कार्यविधि बनाएर अस्पतालको स्वामित्व, दायित्व र यसको निरन्तरताका विषयमा निर्णय लिने कालीगण्डकी ज्ञान विज्ञान प्रतिष्ठानका अध्यक्ष चैतन्य कृष्णले बताउनुभयो ।

"अस्पतालले प्रदान गर्ने सेवालाई प्रभावकारी रूपमा अगाडि बढाउन लागिपरेका छौँ," उहाँले भन्नुभयो, "प्राकृतिक उपचार विधिसँगै उत्तरवाहिनीको धार्मिक महत्वलाई उजागर गर्ने उद्देश्य छ ।" अस्पताल हाल दश शय्यामा सञ्चालन भएको छ ।

आगामी दिनमा शय्या थपी अस्पतालको सेवा विस्तार गरिने उहाँले बताउनुभयो । अस्पताल भर्ना भएकाहरूका लागि आवासीय तथा भोजनको व्यवस्थापन अस्पतालमै मिलाइने भएको छ । अस्पतालमा हाल चार स्वास्थ्यकर्मी कार्यरत छन् ।

अस्पताल सञ्चालनमा आएसँगै स्याङ्जासहित पाल्पाको पूर्वी भेग, पूर्वी नवलपुर, गुल्मीलगायतका जिल्लाका नागरिकले सेवा लिन सहज हुने बताइएको छ । अस्पताल निर्माण गर्न रु दुई करोड ७८ लाख विनियोजन भएकामा रु दुई करोड १२ लाखमा ठेक्का सम्झौता भएको थियो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/०१/२०

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी बाघखोर निर्माण सेवा प्रा. लि. अंग्रेजीमा Baghkhor Nirman Sewa Ltd. (प्रा.लि.न.१९२८१२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको बाघखोर निर्माण सेवा प्रा. लि. अंग्रेजीमा Baghkhor Nirman Sewa Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २२ ससर्कु खानेपानी निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः ससर्कु खानेपानी
ठेगानाः पोखरा-२२, ससर्कु
योजना सम्झौता मितिः २०८१/१०/०९ गते
योजना शुरु भएको मितिः २०८१/१०/१० गते
योजना सम्पन्न हुने मितिः २०८२/१/३० गते
योजनाको कुल लागतः रु.११,७६,५८८.५७
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु.१,७६,५८८.५७
अध्यक्षः पदम बहादुर गुरुङ सम्पर्क नं.: ९८६७०७७२८७
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**ससर्कु खानेपानी उपभोक्ता समिति**
**पोखरा-२२, ससर्कु**

# बारपाकको दलितबस्ती: 'बत्तीमुनिको अँध्यारो'

प्रतिक्षा आले
गोरखा, १९ वैशाख/रासस



खोल्सा छेउको एउटा सानो बस्ती, झुत्रो त्रिपालले ढाकेका अस्तव्यस्त जीर्ण टहरा । होचो र साँघुरो टहरोभित्रको अवस्था उस्तै । धुवाँले काला भएका भित्ता र छानो, त्यही धुवाँभित्र असरल्ल छरिएका सामान । सानो टहरोलाई पनि जस्ताले बारेर दुई भाग लगाइएको छ । टहरोमा झ्याल छैन, जस्ताको पाताले बनेको एक खापा भएको ढोका पनि जीर्ण ।

यही टहरोभित्र यसैवर्ष एसइई दिएकी स्थानीय १६ वर्षीया अमृता विकले हजार सपना सजाइरहनुभएको छ । बारपाक सुलीकोट गाउँपालिका-२ मा अवस्थित यो सानो झुप्रोभित्र उहाँसहित सात जना ओत लागिरहेका छन् । "के गर्नु हजुर यस्तै छ समस्या । धुवाँले यहाँका बस्तुमात्र कालाम्य भएका छैनन्, म र ससाना भाइबहिनीको भविष्य पनि अलमलमा छ । धुवाँ जाने ठाउँ छैन् । बानी नहुने मान्छेहरू एकछिन् पनि बस्न सक्दैनन्", खाना बनाउँदै गर्नुभएकी अमृताले भन्नुभयो,"हामी सात जनाले खाने, बस्ने, सुत्ने सबै यही ठाउँ हो । जति सफा गर्दा पनि हुँदैन, एकैछिनमा उस्तै फोहर भइहाल्छ ।"

विसं २०७२ वैशाख १२ को विनाशकारी भूकम्प जाँदा उहाँ छ वर्षकी हुनुहुन्थ्यो । भूकम्पले उठिबाँस लगाएपछि बुबा आमाले झ्याउँकुटी पार्दै उहाँलाई यहाँ ल्याउनुभएको थियो । "त्यो बेलाको भूकम्प राम्रोसँग याद छ । भूकम्पअघि हामी डाँडागाउँ, गैरीगाउँमा बस्थ्यौं । ढुङ्गामाटोले बनेको दुईतले घर थियो । आँगन पनि ढुङ्गाले छापेको थियो", विगत सम्झँदै अमृताले भन्नुभयो, "एक्कासी भूकम्प आयो । हाम्रो घर माटोमै मिल्यो । घडेरी पनि पहिराको जोखिममा पऱ्यो । अनि यहाँ आएका हौं, त्यसयता यही त्रिपालमुनि बस्नु परेको छ ।"

सात जना परिवार एकैठाउँ बस्नुपर्दा विभिन्न समस्या झेल्नुपरेको उहाँको गुनासो छ । "साह्रै सकस छ । हुर्केको दाजुभाइ, बाउआमा सबै एकैठाउँमा सुत्न, बस्न गाह्रो हुन्छ । कोही पाहुना आउँदा झनै गाह्रो", अमृताले सुस्केरा हाल्दै भन्नुभयो ।

सबैभन्दा धेरै समस्या त महिनावारीका बेला हुन्छ । न प्याड फेर्ने ठाउँ छ न कपडा । शान्तसँग आराम गर्ने वातावरण पनि छैन । "महिनावारी हुँदा साँझमा वा एकाबिहानै तल बारीतिर गएर प्याड फेनुपर्छ । दिनभरचाहिँ सबैजना यहीँ भएकाले गाह्रो हुन्छ । दिउँसो एकछिन आराम गर्ने वातावरण पनि छैन", उहाँले पीडा सुनाउनुभयो । यो समस्या अमृताको मात्रै होइन, यस बस्तीका हरेक किशोरीहरूको हो । केही समय अघिमात्र महिनावारी भएकी १२ वर्षीया आयुषा विक महिनावारीभन्दा पनि यहाँको वातावरणसँग त्रासित छन् । हिमालय माविमा कक्षा ५ मा अध्ययनरत उहाँलाई महिना-महिनामा भइरहने यस कुराले साह्रै पिरोल्छ । प्याड फेर्न साँझ वा एकाबिहानै बारीमा जानुपर्दा महिनावारीभन्दा बढी पीडा छ आयुषालाई । "धेरै रगत बग्छ, साँझमात्र लुकेर प्याड फेर्न जानुपर्छ", उहाँले सुनाउनुभयो,"दिउँसो घरमा दाइ, भाइ, बाबा हुन्छन् । स्कुल जाँदाचाहिँ उतै फेरेर आउँछु ।"

यो बस्तीमा एउटा पनि व्यवस्थित शौचालय छैन । पानीको अभाव उस्तै छ । महिनावारीको समयमा शौचालय प्रयोग गर्दा र नुहाउँदा निकै समस्या झेल्नु यहाँका हरेक युवतीको नियती हो । "शौचालय पनि भत्किने जस्तो छ, फोहर त्यस्तै । महिनावारीको समयमा शौचालय प्रयोग गर्न धेरै समस्या हुन्छ", १२ वर्षीया आयुषाले दुःखेसो पोख्नुभयो ।

यहाँकी ३० वर्षीया दिपासा विकलाई सित्केरी भएको अठार महिनामात्रै पुगेको छ । भूकम्पले बिचल्लीमा परेकी उहाँको दिन यही बस्तीको अभावसँग जुध्दै बितिरहेको छ । "यहीँ जन्मेँ, बिहे पनि गाउँमै गरेँ । भूकम्पले गर्दा आफ्नो व्यवस्थित घरबाट उठिबास भएर यस्तो झुपडीमा आउनुपऱ्यो । दुई नानीबाबु यही झुपडीमा जन्मिए । यहाँ भोको समस्या बयान गरेर साध्य छैन्", उहाँले भन्नुभयो ।

गर्मीमा असाध्यै गर्मी अनि जाडोमा असाध्यै जाडो । यहाँका बालबालिका, ज्येष्ठ नागरिक, किशोरी र दिपासाजस्ता सुत्केरीहरूले भोग्नुपरेको साझा पीडा हो । सरकारी स्वामित्वमा रहेको यस बस्तीमा २१ घरधुरीका ५० भन्दा धेरै मानिस बसोबास गर्छन् । बारपाकको सौन्दर्यमा मन्त्रमुग्ध हुने जोकोहीलाई त्यहीँमुनि खोल्साको छेउमा रहेको दलित बस्तीले गिँज्याइरहेको छ ।

विसं २०७२ वैशाख १२ गते ११:५६ बजे बारपाक केन्द्रबिन्दु भएर गएको ७ दशमलव ८ रेक्टरको भूकम्पले यहाँका एक हजार १०० घरधुरी क्षणभरमै ढले । गाउँमा ७२ जनाको मृत्यु भयो । बाँचेकाहरू पनि महिना दिनसम्म खुला आकाशमुनि बसे । पछि डाँडागाउँ, गैरीगाउँ, कोटडाँडा टोलका ४१ दलित परिवार कृषि र पशु कार्यालयको स्वामित्वमा रहेको जग्गामा आएर अस्थायी टहरो बनाएर बसे । १४ परिवार फेरि आआफ्नै थातथलोमा फर्किए । डाँडागाउँ, गैरीगाउँ टोलका २७ घरधुरीको पुरानो थलो पहिराले राङरुङ खोलासम्म पुग्यो । फर्किनसक्ने अवस्था नभएपछि ती परिवारले आफ्नो घरघडेरीको लालपूर्जा सरकारलाई बुझाए र सट्टापट्टा गरी सोही सरकारी जग्गा आफ्नो नाउँमा ल्याउन पहल थाले । त्यो पहल १० वर्षसम्म पनि सफल भएको छैन । राज्यको हरेक निकायमा दलित, भूमिहीन समुदायलाई प्राथमिकतामा राखेर सेवासुविधा दिइन्छ तर भूकम्पको केन्द्रबिन्दु बारपाककै दलितबस्तीमा भने हालसम्म कसैले ध्यान दिन नसकेको गुनासो छ । त्यसैले भूकम्प गएको पहिलो दिनदेखि १० वर्ष बितिसक्दा पनि टहरोकै बास बस्नुपरेको छ ।

यहाँका अगुवा सुकबहादुर विक आफूहरूलाई बास माग्दै ८६ पटक सिंहदरबार धाउनुभयो तर सुनुवाइ भएको छैन । "१० वर्षमा त जनयुद्ध पनि वारपार भएको थियो तर यो बस्तीलाई पुनःस्थापना गर्ने लडाईं १० वर्षसम्म पनि वारपार भएको छैन । एउटा पार्टीको सरकारले जिल्लासम्म पत्राचार गर्छ । फेरि अर्को पार्टीको सरकार आउँछ काम रोकिन्छ । राजनीतिक कारणले नै २१ परिवारलाई दुःख दिने काम भइरहेको छ", उहाँको गुनासो छ । पूर्वसहमतिअनुसार यहाँको छ रोपनी १० आना जग्गा २१ परिवारका नाममा गरिनुपर्ने अर्का अगुवा उत्तम विकको माग छ । गाउँपालिकाका अध्यक्ष विष्णु भट्ट भने जति प्रयास गर्दा पनि सो माग पूरा गर्न नसकिएको बताउनुहुन्छ । जग्गाको स्वामित्व हस्तान्तरणको काम नहुँदा अन्य व्यवस्थापकीय काम गर्न समस्या भएको उहाँको भनाइ छ । "जति प्रयास गर्दा पनि सफल भएका छैनौं । अब त वैकल्पिक दिनुपर्छ । यसरी समस्यामा पार्नु राम्रो होइन", अध्यक्ष भट्टले भन्नुभयो ।

# कोटीहोममा १२ जनाको सामुहिक व्रतवन्ध, हवन शुरु, शनिबार रक्तदान हुने

पोखरापत्र संवाददाता
पोखरा, १९ वैशाख



पोखरामा ऐतिहासिक श्री गण्डकी शतकुण्डीय कोटीहोम विराट् ज्ञान महायज्ञमा आज १२ जनाको सामुहिक व्रतवन्ध गरिएको छ भने शनिबार रक्तदान कार्यक्रम हुने भएको छ । आजको व्रतवन्धमा सहभागी सबैलाई सम्मानसमेत गरिएको छ ।

यस्तै महायज्ञमा विधिपूर्वक हवन पनि आजैबाट शुरु गरिएको छ । महायज्ञको यज्ञ मण्डपमा निर्माण गरिएको एक सय हवन कुण्डमा हवन शुरु गरिएको हो । बिहान ६ बजेर ४५ मिनेटमा विधिवत् रूपमा अग्नि मन्थन, ७ बजेर १५ मिनेटमा यज्ञ कुण्डमा अग्नि प्रवेश गराउने, ७ बजेर १९ मिनेटमा अग्निमा समिधा दान र ८ बजेर ५ मिनेटमा अग्नि कुण्डमा आहुति प्रदान गरी हवन कुण्डमा हवन सुरु भएको हो । हवन कार्य जेठ २६ गतेसम्म चल्नेछ । यज्ञका प्रमुख आचार्य लक्ष्मण भण्डारीका अनुसार एक सय वटा हवन कुण्डमा ३/३ जना ब्राह्मणले कोटीहोममा दिन दिनै भगवती गायत्री मन्त्र विधिबाट हवन गर्नेछन् । कोटी होममा १०८ भागवत महापुराण पाठ परायण, ४ वेद पाठ परायण, सप्त चण्डी, अति रुद्री, मन्त्र जप लगायतमा ब्राह्मणले पाठ गर्ने छन् । हवन कुण्डको मूल मण्डपमा महायज्ञका सङ्कल्पकर्ता वाल योगेश्वर विजय श्रीकृष्ण मूर्तिजीका बुबा मनि राम भण्डारी र आमा जानका भण्डारी रहने छन् । भने अरू मण्डपमा ३/३ जना ब्राह्मणले नृत्य हवन गर्ने छन् ।

यज्ञका प्रमुख आचार्य लक्ष्मण भण्डारीका अनुसार होमन बिहान ८ बजेबाट सुरु भई ११ बजेसम्म चल्ने छ भने ११ देखि १ बजेर १५ मिनेटसम्म विश्राम भई पुनः ४ बजेसम्म हवन कार्य हुनेछ । जेठ २६ गते सोमबार कोटिहोम महायज्ञको विधिवत् पूर्णाहुति गरी अभिषेक र महाप्रसाद ग्रहण गर्ने कार्यक्रम छ । उक्त हवन कुण्डमा इच्छुक व्यक्ति कर्ता बस्न सक्ने व्यवस्था पनि रहेको मानव सेवा फाउन्डेसनका व्यवस्थापक विष्णु थापाले जानकारी दिए । उनका अनुसार हवन कुण्डमा कर्ता बस्नका लागि पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँको व्यवस्था गरिएको छ। हवन कुण्डमा बस्दा ब्राह्मणदेखि चाहिने पुरै सामग्री आयोजकले नै व्यवस्था गर्नेछ । यसैगरी शनिबारदेखि खुला भजन चुट्का प्रतियोगिता सुरु हुने भएको छ । उक्त भजन प्रतियोगितामा देशभरबाट करिब तीन सयको समूहले प्रतिस्पर्धा गर्ने खुला भजन चुट्का प्रतियोगिताका संयोजक प्रजापति पराजुलीले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने समूहलाई तीन लाख ५५ हजार पाँच सय ५५, द्वितीय हुने समूहलाई दुई लाख ५५ हजार पाँच सय ५५, तृतीय हुने समूहलाई एक लाख ५५ हजार पाँच सय ५५ तथा सान्त्वना हुने दुई समूहलाई ६५/६५ हजार रहेको उनले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा विभिन्न ११ विधामा २५ हजार पाँच सय २५ रुपैयाँका दरले पुरस्कार रहेको छ ।

वैशाख १९ गते शनिबारका लागि पालो परेका सम्पूर्ण प्रतियोगीलाई प्रतियोगितामा सहभागी भइदिन उनले आग्रह गरे । हवन कुण्डको मूल मण्डपमा ब्राम्हणको पूजा विधिबाट महायज्ञका सङ्कल्पकर्ता वाल योगेश्वर विजय श्रीकृष्ण मूर्तिजी तथा उनका बुबा मणिराम भण्डारी र आमा जानका भण्डारीले विधिवत् रूपमा अग्नि मन्थन, अग्निमा समिदा दान र अग्नि कुण्डमा आहुति प्रदान गरी हवन शुरु भएको हो । कोटीहोममा आजदेखि भारतका चर्चित युवा दार्शनिक एवं कथा वाचक प्रशान्त कृष्ण परांकुशले राम कथा वाचन शुरु गरेका छन् । शुक्रबार पोखरा आइपुगेका उनले आजदेखि रामायाण कथा वाचन शुरु गरेका हुन् । उनले नौ दिनसम्म रामायण कथा वाचन गर्ने आयोजक मानव सेवा फाउण्डेशन तथा कोटीहोमका प्रचारप्रसारसंयोजकलेखराजढकालले जानकारी दिए । परांकुशले वैशाख २७ गतेसम्म पोखरामा रहने र रामायण कथा वाचन गर्ने जानकारी दिए । रामायण कथा पोखरेली भक्तलाई सुनाउन उत्साहित भएको उनले बताए । चित्र राम्रो नभइ चरित्र राम्रो बनाउनुपर्ने भन्दै उनले कसैले कसैको नराम्रो सोच्न नहुने बताए । साथै कथा वाचिका सुप्रिया क्रिशोरीले नित्य कथा वाचन गरिरहेकी छन् । १५औं दिनको कोटीहोममा नेपाल पत्रकार महासंघ जापान शाखाका सदस्य सगुन लम्साल, विश्व हिन्दू महासंघ भजन समूहका अध्यक्ष, आचार्य १००८ मोहानन्द गुरुजी महाराज, नेपाली सेनाका सेनानी रेशम कोइराला, पोखरा-७ वडाध्यक्ष राममोहन आचार्यसहित सदस्य तथा पोखरा-५ जनाप्रतिनिधि र पूर्वनिर्वाचन आयुक्त नीलकण्ठ उप्रेती सहभागी थिए । उक्त अवसरमा भारतका महाकुम्भ मेलाका संकल्पकर्ता नीरञ्जनी पिठाधीश्वर १००८ आचार्य महामण्डलेश्वर स्वामी कैलाशानन्द गिरीजीले हरिहर मन्दिर अवलोकन गरेका छन् । कार्यक्रममा आचार्य १००८ मोहानन्द गुरु महाराजले धर्मलाई सबैले अपनाउनुपर्नेमा जोड दिए । प्रचारप्रसार संयोजक ढकालका अनुसार शुक्रबार पनि करिब १० हजार पाँच सय भक्तजन सहभागी थिए । कोटीहोममा हालसम्म एक लाख १० हजार भन्दा बढी भक्तजन सहभागी भएको आयोजकको दावी छ । भक्तजनको सहभागिता बढ्दै गएको र अर्थ संकलन कार्य पनि बढिरहेको बताइएको छ । महायज्ञमा हालसम्म सबैभन्दा धेरै मुस्ताङको घरपझोंग गाउँपालिकाका मोहन सिंह लालचनले दुई लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ दान गरेका छन् । बिहीबार पोखरा बिरौटाका दिनेश कार्कीका परिवारजनले ५१ हजार एक सय ११ रुपैयाँ दान गरेका थिए । यस्तै पोखरा-१४ का नीरबहादुर कुँवरले ५५ हजार एक सय, पोखरा १७ का दिनेश कार्की र उनका परिवारजनबाट ५१ हजार एक सय ५१, पोखरा-९ की परिणीता दिजु (ओम शान्ति) बाट ५१ हजार पोखरा-५ का ध्रुव थापाबाट ५० हजार पाँच सय २१, पोखरा-११ का शिव तिलिजा पुनले ३५ हजार पाँच रुपैयाँ कोटीहोममा सहयोग गरेका छन् । कोटीहोम २०८२ जेठ २६ गतेसम्म पोखरा महानगरपालिका वडा नं. १७ स्थित सदाशिवजी सिद्देश्वर हरिहर मन्दिरको जग्गा र आपपासका स्थानीयको जग्गामा सञ्चालन हुनेछ । कोटीहोममा श्रीमद्‌भागवत कथा, राम कथा, शिवमहापुराण कथा, हनुमत कथा, श्रीमददेवी भागवत कथा वाचन हुनुको साथै लाखौंको विवाह, ब्रतवन्ध, चौरासी पूजा, तुलादान, प्रत्येक नेपालीको नाममा कोटी दीप, तीन सय भन्दा बढी ब्राह्मण गुरुको दैनिक उपस्थिति, लाखौं रामनाम पुस्तिका वितरण गरी अरबौं रामनाम लेखिने र एक करोड शिवलिङ्ग स्थापना गरी एक करोड बेलपत्रद्धारा पुजन गरिने जनाइएको छ । सो अवसरमा ११ हजार कलश पुजन र व्रतवन्ध भएको छ भने राष्ट्रिय भजन प्रतियोगिता, कवि तथा सन्त सम्मेलन, धार्मिक संघसंस्थाको सम्मेलन, २५ हजार नरिवलको भोग, कन्या पूजा, ज्येष्ठ नागरिक सम्मान, गण्डकी प्रदेशका एक हजार बढी स्रष्टा सम्मान, शालिग्राम पुजन, चित्रकला प्रतियोगिता, रक्तदान, तन्दुलाञ्चल र धान्याञ्चल पर्वतको निर्माण, धार्मिक क्षेत्रसँग सम्बन्धित वक्तृत्वकला प्रतियोगितालगायतका कार्यक्रम गरिने भएको छ ।

# कृषि प्राविधिक शिक्षालयमा अक्षयकोष स्थापना

रासस
म्याग्दी, १९ वैशाख

मालिका गाउँपालिका-७ बिमस्थित किसानी कृषि प्राविधिक शिक्षालयमा जेहेन्दार, गरिब र विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन रु दुई करोड २४ लाखको अक्षयकोष स्थापना गरिएको छ ।

आर्थिक अभावकै कारण प्राविधिक शिक्षा पढ्न नपाउने विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको आर्थिक सङ्कलन अभियानमा गाउँदेखि विदेशमा रहेकाहरूबाट उक्त सहयोग सङ्कलन गरिएको अक्षयकोषका विदेश विभाग प्रमुख कृष्ण जुग्जालीले जानकारी दिनुभयो । गत वर्ष कात्तिकेदेखि सुरु भएको सो अभियानअन्तर्गत हालसम्म सहयोग जुटने क्रम जारी छ । प्रमुख कृष्ण जुग्जाली र दल जुग्जालीको परिवारले अक्षयकोषका लागि रु ११ लाख १२ हजार ५५५ उपलब्ध गराएको छ । त्यसैगरी अमेरिकामा रहेका बिमका विजय जुग्जालीले रु ११ लाख ११ हजार १११ तथा हङ्कङमा रहनुभएका दल शेरबुजाले रु ६ लाख उपलब्ध गराउनुभएको छ । शिक्षालयका प्राचार्य जङ्गबहादुर गर्बुजाले केहीले खाद्यान्न बेचेर पनि सहयोग गर्नुभएको बताउनुभयो । बिम गाउँका ३०० परिवारले उक्त अभियानलाई साथ दिएका छन् । मालिका गाउँपालिकाका अध्यक्ष वेगप्रसाद गर्बुजाले प्राविधिक शिक्षा अध्ययनमा विद्यार्थीलाई आकर्षित गर्न कोषबाट मद्दत पुग्ने बताउनुभयो । यहाँ बाली विज्ञान र पशु चिकित्सा विषयमा पढाइ हुने गरेको छ । बिममा २०६८ सालदेखि सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी २९ महिने जेटिए, २०७२ सालदेखि तीन वर्षे डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) र तीन वर्षे पशुविज्ञान तहको पढाइ सुरु भएको थियो । अहिले यहाँ २१ जिल्लाका १५० विद्यार्थी अध्ययनरत छन् ।

कृषि विषयको प्राविधिक शिक्षा सामुदायिक विद्यालयमै पढाइ हुन थालेपछि विद्यार्थी अध्ययनसँगै खेतीको अभ्यासमा पनि लाग्न थालेका छन् । विपन्नलाई प्राविधि शिक्षामा जोडेर आर्थिक गतिविधिमा सघाउने गरी कोषको स्थापना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कलिप्रसाद जुग्जालीले बताउनुभयो । कृषि शिक्षा पढ्ने विद्यार्थीलाई उत्पादन र आम्दानीसँग जोड्ने उद्देश्यले उनीहरूलाई खेतबारीमै लगेर प्रयोगात्मक अभ्यास गराउनुका साथै फलफूल खेती, तरकारी खेती, दलहन बाली र रैथाने जातका कृषिउपज उत्पादन गरी बजारमा बेच्न प्रोत्साहन गरिँदैआएको छ । विद्यार्थी र शिक्षककै प्रयासमा उत्पादन भएको वस्तु बिक्री गरी विद्यार्थीले आफ्नो खर्च चलाउने गरेका छन् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०१/१९

कास्की जिल्ला मौजे अर्धौ ५६ नं. का जि.मु. रेवती रमण भण्डारीका वामदेव भण्डारी जिम्मा साविक १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम मोठ नं. १७०१, द.नं. ३ मा देवीलाल भण्डारी जैसीका नाउँमा साविक दर्ता भएको २०२६ सालसम्मको तिरो तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा झाफ्रमारे वडा नं. ७ को कि.नं. ५४५, ५४६, ६७५ क्षे.फ. क्रमशः ०-१२-२-१, १-६-०-० र ०-५-३-१ विरहमा मकै किसिममा दोयम भएका जग्गा इश्वरी माया भण्डारीका नाउँमा फिल्डबुकमा कायम भएको दर्ता छुट हुन गयको इश्वरी माया भण्डारीको मिति २०५५।०९।१६ मा मृत्यु भएको निजको श्रीमान भिम प्रसाद भण्डारीको पनि मिति २०७०।०६।२२ मा मृत्यु भएको निज मृतकहरुबाट कुनैपनि सन्तानको जायजन्म नभएको भिम प्रसाद भण्डारीका ३ श्रीमती रहेकोमा २ वटा श्रीमती तर्फका छोराहरु रहेको भनि वडा सिफारिस वाट खुलि आएकोले निज मृतकहरुका नजिकको हकदारमा देवी भक्त भण्डारी, हुममणी भण्डारी, रोहिणी प्रसाद भण्डारी र चुडामणी भण्डारीले हामीलेनै हकभोग गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २८ बस्ने देवी भक्त भण्डारी, हुममणी भण्डारी, रोहिणी प्रसाद भण्डारी र चुडामणी भण्डारीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जम्गामा यत अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | झाफ्रमारे | ७ | ५४५ | ०-१२-२-१ | मकै | दोयम | इश्वरी माया भण्डारी |
| कास्की | | | ५४६ | १-६-०-० | | | |
| कास्की | | | ६७५ | ०-५-३-१ | | | |

ईीति संवत २०८२ साल बैशाख १९ गते रोज ६ शुभम् ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०१/१९

कास्की जिल्मालपोत मौजे आर्वा का जि.मु. भुवानी शंकर भण्डारीको रेवती रमण भण्डारीको वामदेव भण्डारी जिम्मा साविक १९९० सालको खेततर्फको मोठ लगत उत्तार बमोजिम मोठ नं. १६२२, १६४७, १६५३, १६५७ मोही नं. क्रमशः १६२, १६३, १६२, १६२ कित्ता नं. क्रमशः ४३०, ४६४, ४७० र ४८२ ईश्वरी जैसीका नाउँमा साविक दर्ता भएको २०३२ सालसम्मको तिरो तिरेको भु.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा आर्वा वडा नं. ४ को कि.नं. ४५८, ४५९, ४९७ क्षे.फ. ०-१-२-१, ३-०-३-२ र १-४-३-३ विरहमा धान किसिममा दोयम भएका जग्गा तुलाराम भण्डारी, दान कुमारी, उमानाथ, भिम प्रसाद भण्डारीका नाउँमा फिल्डबुकमा कायम भएको दर्ता छुट हुन गएको तुलाराम भण्डारीको मिति १९९०।१०।०६ मा अविवाहीत अवस्थामानै मृत्यु भएको दान कुमारी भण्डारीको मिति २०६३।०२।०४ मा मृत्यु भएको निजको श्रीमान त्रिलोचनको पनि मृत्यु भईसकेको उमानाथ भण्डारीको मिति २०७५।०५।१९ मा मृत्यु भएको भिम प्रसाद भण्डारीको मिति २०७०।०६।२२ मा मृत्यु भएको निज मृतकहरुका नजिकको हकदारमा देवी भक्त भण्डारी, हुममणी भण्डारी, रोहिणी प्रसाद भण्डारी, चुडामणी भण्डारी, राधा कुमारी भण्डारी, सन्तुमाया भण्डारी रहेकोले हामीलेनै हकभोग गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२८ बस्ने देवी भक्त भण्डारी, हुममणी भण्डारी, रोहिणी प्रसाद भण्डारी, चुडामणी भण्डारी, राधा कुमारी भण्डारी र सन्तुमाया भण्डारीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | आर्वा | ४ | ४५८ | ०-१-२-१ | धान | दोयम | तुलाराम भण्डारी दान कुमारी, उमानाथ, भिम प्रसाद भण्डारी |
| कास्की | | | ४५९ | ३-०-३-२ | | | |
| कास्की | | | ४९७ | १-४-३-३ | | | |

ईीति संवत २०८२ साल बैशाख १९ गते रोज ६ शुभम् ।